“विपन्न वर्गको मानवअधिकार र खाद्यसुरक्षा प्रति सचेत गराउने हाम्रो प्रतिवद्धता”

# सि.वि.ओ. विकास केन्द्र

# Community Based Organization Development Center



२०७६/०७७

२०१९/२०


**पत्राचार ठेगाना**

धनगढी उपमहानगरपालिका-५, हसनपुर, कैलाली,

सुदरपश्चिम प्रदेश

फोन नं. ०९१-५२६७४१

Email : cbodckailali@yahoo.com

Webpage: cbodckailali.org.np

# दुई शब्द



समुदायमा आधारित संस्थाहरुको बिकास केन्द्र, कैलालीले बिपन्न तथा उपेक्षितहरुको (जोखिमा परेका समुदाय, सुकुम्बासी, दलित, जनजाती र महिला) लाई बिशेष जोड दिई तिनीहरुको आर्थिक, सामाजीक, स्तरमा सुधार ल्याउन बिभिन्न क्रियाकलाप मार्फत बाताबरण सुदृढ गर्दै सकारात्मक बिकास तर्फ उत्प्रेरणा जगाउने कार्यक्रमहरु नियमित रुपमा संचालन गर्दै आईरहेको छ ।

यस संस्थाले समुदायमा छरिएर रहेका ब्यक्तिहरुलाई एकिकृत गरी समुहमार्फत एकताको डोरीमा आबद्ध गरि समाजमा परिबर्तन गर्ने सकारात्मक बिकास तर्फ उत्साहित गराउदै आएको छ । समुदायमा १६८ वटा समुहको जन्म भई सो समुहको प्रतिनिधि गर्दै गा.बि.स. स्तरमा ५ वटा समुदायमा आधारित संस्था सि.बि.ओ र ५ वटा सहकारी संस्थाहरुले बैधानीकता प्राप्त गरी स्थानीय रुपमा श्रोत पहिचान गरी योजना तर्जुमा र कार्यान्वयन गर्दै जिल्लास्तर सम्म पहुचमा अभिबृद्धि भइरहेको छ ।

सिबिओले समग्र समुह र घरपरिवारमा आय आर्जन, स्वास्थ्य र सरसफाई, सामाजीक, सास्कृतिक, शिक्षा र दैबी प्रकोप आदि सवालमा सचेतना जगाई परिबर्तन गर्न अनुगमन गर्ने गर्दछ । समुहमा साझा सवालको बिषयमा आवाज उठाई न्यायिक तर्फ अगाडी बढी रहेको छ । समुह स्तरमा हुने गतिबिधिहरुको अभिलेख, सामाजीक लेखापरिक्षण गर्ने गरिरहेको छ । सार्बजनिक सम्पत्तिको संरक्षण सम्बर्द्धन गर्न तर्फ अग्रसर भएका छन् । समुह तथा सिबिओ लाई संगठनात्मक रुपमा अगाडी बढाउन, समय सापेक्ष नेतृत्व अथवा अगुवाको क्षमता, सिप, ज्ञानमा बृद्धि गरी क्रियाशिल भईरहेका छन् । समुह तथा सिबिओ लाई संस्थागत रुपमा दिर्घकालीन बनाउन प्रकृया अनुरुप सिबिओ हरुको क्षमतामा अभिबृद्धि भई रहेको प्रजातान्त्रिक पद्दती अनुरुप रुपान्तरण गर्दै सुधार गर्दै अगाडी बढाउनुपर्ने समय र बाताबरणले सिर्जना गरेको पाईन्छ ।

अन्त्यमा, यस संस्थाले कोभिड १९ को महामारीका वावजुत पनी २०१९ र २० मा स्वीकृत भएको बार्षिक योजनालाई समयमा नै सबै संग आवश्यक समन्वय गरि प्रभाबकारी रुपमा सम्पन्न गरेको छ । उक्त कार्यक्रम संचालनमा प्रत्यक्ष र अप्रत्यक्ष रुपमा सहयोग पुर्‍याउनु हुने सहयोगी संस्था बिकास कोष नर्बे , सरकारी तथा गैरसरकारी निकायहरु तथा परियोजनालाई कार्यान्वयन गर्न योगदान गर्नुहुने सहजकर्ता, सि.बि.ओ बिकास केन्द्र, कैलालीमा कार्यरत कर्मचारी तथा सदस्यहरुलाई धन्यबाद ब्यक्त गर्न चाहन्छु । धन्यबाद ।

✍रुप नारायण चौधरी, अध्यक्ष सि.बि.ओ. बिकास केन्द्र, कैलाली

# शुभकामना



समुदायमा आधारित सामुदायिक बिकास केन्द्र (CBODC) को १४ औ साधारण सभा हुन गईरहेको जानकारी पाउदा मलाइ धेरै खुसी लागेको छ।


सिबिओ बिकास केन्द्रको बारे पहिलो जानकारि २०७२ साल बैशाखको पहिलो सातामा सुर्खेतको दहचौरमा भएको समुदायमा आधारित सामुदायिक संस्थाहरुको राष्ट्रिय भेलामा पाएको थिए। सो भेला पश्च्यात सिबिओ बिकास केन्द्रका कार्यसमितीका एक सक्रिय सदस्य रुप नारायण चौधरी ज्यूको बराबर म संग सम्पर्कमा रही रही रहनु भयो। उहाँको निरन्तर अनुरोधमा २०७३ साल श्रावण महिनामा बिकास कोष नर्बेको नयाँ सहयोगी संस्थाहरु छान्ने क्रममा सिबिओ बिकास केन्द्रको बिस्तृत रुपमा संस्थागत अनुगमन तथा मुल्याङ्कन गर्ने मौका पाएको थिए। उक्त संस्थागत मुल्याङ्कन पछि बिकास कोष नर्बे को सहयोगी संस्था हुनको लागी हर हिसाबले सिबिओ बिकास केन्द्र उपयुक्त भएको जानकारी नर्बे स्थित म कार्यरत संस्था विकास कोष नर्वेमा पठाए। जसको फलस्वरुप सिबिओ बिकास केन्द्र २०१७ देखि बिकास कोष नर्बेको एक नयाँ साझेदार संस्था बन्न सफल भयो।

सन् २०१७ देखि बिकास कोष नर्बेको आर्थिक सहयोगमा सिबिओ बिकास केन्द्रले साबिकको पण्डौन, मोहन्याल, साढेपानी र रामशिखरझालामा अवस्थित १३२३ घरधुरिहरुलाई लक्षित गरी जोखिममा परेका समुदायहरुको लागी जीबिकोपार्जन कार्यक्रम (सुलभ) सफलताका साथ संञ्चालन गर्न लागेको छ। सो कार्यक्रम अर्न्तगत सिबिओ बिकास केन्द्रले जोखिममा परेका तथा बिपन्न बर्गका परिवारहरुको जीबनस्तर उकास्नको लागी खाद्य तथा पोषण सुरक्षामा बृद्धि, आय आर्जनमा बृद्धि, समुदायमा आधारित सहकारी संस्थाहरुको क्षमता अभिबृद्धि गर्ने तथा समुदाय र आफ्नो कार्यालय लैङ्गिक बिभेद कम गर्ने जस्ता कार्यक्रमहरु सफलताका साथ संचालन गर्दै आई रहेको छ।

सिबिओ बिकास केन्द्र बिकास कोष नर्बेको सहयोगी संस्था बने देखि नै म हरेक बर्ष नियमित रुपमा यस संस्थामा आएर कार्यकारिणी समितीका सदस्यहरु तथा कर्मचारीहरुसंग छलफल बिचार आदान प्रदान तथा स्थलगत भ्रमण गरेर आवश्यक सर सल्लाह लिने दिने काम अटुट रुपमा गरी राखेको छु। बिकास कोष नर्बेको सहयोगमा संचालीत सुलभ कार्यक्रम प्रति कार्य समितिका सदस्यहरुको सहयोग र सम्पूर्ण कर्मचारिहरुको लगाब र इच्छाशक्ति देखि म धेरै प्रभाबित छु। सिबिओ बिकास केन्द्रमा हुन गइरहेको १४ औ साधारण सभा सफलताका साथ सम्पन्न होस्। यस संस्थाको आगामी दिनहरुमा उत्तरोत्तर प्रगती हुदै जाओस् तथा बिपन्न र सिमान्तकृत बर्गका समुदायहरुको लागी अझ बढी सशक्त तरिकाले सहयोग गर्न सफल होस्। मेरो हार्दिक शुभकामना॥

✍योगी कायस्थ, नेपाल प्रतिनिधि, बिकास कोष नर्बे, भक्तपुर, नेपाल

# परियोजना संचालन भएका गाविसहरु



विषय-सूचि


| क स | विषय | पेज नं. |
|---|---|---|
| **खण्ड क संस्थागत परिचय** | | |
| १ | पृष्ठभुमी | १ |
| २ | परिकल्पना | १ |
| ३ | ध्येय | १ |
| ४ | लक्ष्य | १ |
| ५ | उद्देश्य | १ |
| ६ | कार्यक्षेत्र | १ |
| ७ | मुल्यमान्यता | १ |
| ८ | लक्षित समुदाय | २ |
| ९ | कार्यकम संचालन प्रक्रिया | २ |
| १० | फेडेरेसन कार्यसमितिको गठन प्रक्रिया | ३ |
| ११ | संस्थागत संरचना | ३ |
| १२ | संस्था द्धारा संचालित कार्यक्रम तथा अवधी | ४ |
| १३ | परियोजना विकास तथा कार्यान्यन प्रक्रिया | ४ |
| १४ | १२ वर्षे उपलव्धी तथा प्रभावहरु | ४ |
| **खण्ड ख संस्थाद्धारा संचालित विभिन्न कार्यक्रम** | | |
| **१** | **संस्थागत कृयाकलापहरु** | ५ |
| १.१ | साधारण सभा तथा अधिवेशन | ५ |
| १.२ | सहकारीको कोष परिचालन | ६ |
| १.३ | सिविओ रणनैतिक योजना निर्माण | ६ |
| १.४ | सिविओ महासंघमा आवद्धता | ६ |
| **२** | **संचलित परियोजना** | ७ |
| १.१ | सुलभ परियोजना परिचय | ७ |
| १.२ | मुख्य कृयाकलापहरु | ८ |
| १.२ | टेक्नीकल क्रेडिट सहयोग कार्यक्रम | १० |
| **खण्ड ग परियोजना सन्वन्धि विवरणहरु** | | |
| १ | कार्य समिति नामावली विवरण | ११ |
| २ | कर्मचारीहरुको विवरण | ११ |
| ३ | सदस्य सि.वि.ओहरुको नामावली | ११ |
| ४ | परियोजना लक्षित जनसंख्या र घरधुरी संख्या | १२ |
| ५ | सि.वि.ओ. तर्फका कर्मचारीहरुको नामावली विवरण | १२ |
| ६ | सिविओ सदस्य संस्थाहरुको सम्पर्क विवरण | १२ |
| ७ | सामुदायिक सदस्य सहकारी संस्थाहरुको सम्पर्क विवरण | १२ |
| **खण्ड घ लेखापरिक्षण प्रतिवेदन** | | |
| १ | लेखा परिक्षण प्रतिवेदन | १३ |
| सफलताका कथाहरु | | |

## खण्ड क संस्थागत परिचय

**१. पृष्ठभुमी :-**

कैलाली जिल्लाको ५ वटा गा.वि.स.हरु फुलबारी, उर्मा, गदरीया, श्रीपुर र चौमालामा सशक्तिकरण प्रक्रियाद्वारा सर्बेक्षण गरी उपेक्षित घरधुरी पहिचान गरेर समूहको स्थापना भई सो समूहहरुको प्रतिनिधि संस्थाको रुपमा गठित सि.वि.ओ.हरुको पनि फेडेरेशनको रुपमा गठित सि.वि.ओ.विकास केन्द्र २०६२ सालमा स्थापना भई २०६२ सालमा जिल्ला प्रशासन कार्यालय कैलालीमा दर्ता भएको हो । जसमा १६६ समूह र सन् १९९८ को सर्वेक्षणको आधारमा २७२९ वटा उपेक्षित घरधुरी आबद्ध रहेका छन् । सिविओ विकास केन्द्रले सन २००८ देखी सन २०१३ सम्म लुविफे नेपालको सहयोगमा नेपाल विकास कार्यक्रम र EPRI परियोजना संचालन गरेको छ भने सन २०१० देखी सन २०१७ मार्च सम्म वर्ल्डभिजन ईन्टरनेशनल नेपालसंग साझेदारी गरि कैलाली जिविकोपार्जन परियोजना र 3PM परियोजना सफल पारी सम्पन्न गरेको छ। यसै गरि विकास कोष नर्वेको आर्थिक सहयोगमा सन २०१७ अप्रील देखी सन २०२० सम्मका लागी दिगो जिविकोपार्जका लागी विपन्न वर्गको पहुच (सुलभ) परियोजना संचालन गरिरहेको छ । उपेक्षित तथा पछाडी पारिएका समुदायको गरिबीका विरुद्धमा समुदायको क्षमता विकास गर्दै समुदायमा आधारित संस्था र सहकारीका माध्यम द्धारा उनीहरूको दिगो विकासका लागि विभिन्न संघ संस्था र समूहसँगको साझेदारीमा काम गर्नु सिविओ विकास केन्दको प्राथमिकता हो ।

**२. परिकल्पना : -**

सि.वि.ओ. विकास केन्द्रले आत्मनिर्भर, समुन्नत तथा न्यायपुर्ण समाजको सिर्जना भएको देख्न चाहन्छ ।

**३. ध्येय : -**

सि.वि.ओ.विकास केन्द्रले आत्मनिर्भर समुन्नत तथा न्यायपुर्ण समाजको सिर्जना गर्न उपेक्षित विपन्न वर्ग तथा तिनिहरुको संगठनहरुलाई प्रक्रियागत रुपमा सशक्तिकरण गर्ने ध्येय राखेको छ ।

**४. लक्ष्य: -**

उपेक्षित तथा विपन्न वर्गलाई अधिकार सम्पन्न बनाई उनीहरुको जीवनस्तर माथि उकास्ने यसको लक्ष्य रहेको छ ।

**५. उद्देश्यहरु : -**

- समुदायमा आधारित संस्थाहरु (सि.वि.ओ.) लाई संगठित र सुदृढिकरण गर्ने ।
- विपन्न तथा उपेक्षित वर्ग र तिनीहरुको संगठनको क्षमता विकास गर्ने ।
- विषयगत रुपमा पूर्वतयारी तथा जनचेतना जगाउन अभिवृद्धि गर्न आवश्यक कार्यक्रम गर्ने ।
- विपन्न तथा उपेक्षित वर्गको साझा सवालमा अधिकार प्राप्तिका लागि वकालत गर्ने ।
- विपन्न तथा उपेक्षित वर्गको जीवनस्तरमा सुधार गर्न जीविकोपार्जन कार्यक्रम सन्चालन गर्ने ।

**६. कार्यक्षेत्र : -**

कैलाली जिल्लाका धनगढी उपमहानगरपालिका, गोदावरी नगरपालिका, गौरीगंगा नगरपालिका,कैलारी गाउपालिका, घोडाघोडी नगरपालिका र पिछडिएको क्षेत्रमा सुचिकृत मोहन्याल गाउपालिका रहेको छ ।

**७. मूल्यमान्यता : -**


- सुसाशन पारदर्शिता तथा जवाफदेहिता
- जनसहभागीता
- लोकतान्त्रिक अभ्यास
- बिपन्न तथा सिमान्तकृत मैत्रि
- अभ्यासमा आधारित पैरबि

## ८. लक्षित समुदाय : -

- आर्थिक, सामाजिक, भौगोलिक रुपले उपेक्षित समुदाय
- महिला (एकल, उपेक्षित, गरिब)
- दलित, सुकुम्बासी, जनजाति आदिवासी र बालबालिका
- एच.आइ.भी.एड्स संक्रमित अथवा प्रभावित, गरिब र विपन्न वर्गहरु (महिला र पुरुष)

## ९. कार्यक्रम सञ्चालन प्रक्रिया :-

यस संस्थाको योजना निर्माण प्रक्रिया सहभागितामुलक रहिआएको छ र तलबाट माथिको अवधारणालाई समेटेको छ। जसमा निम्न रेखा चित्रबाट स्पष्ट पारिएको छ :





समूह, सिविओ र संस्थाको कामलाई बढि प्रभावकारी बनाउनका लागि हरेक बर्ष समूहको तहमा "वार्षिक समूह सभा", सिविओको तहमा बार्षिक सिविओ सभा र संस्थाको तहमा बार्षिक साधारण सभाको आयोजना गर्ने र उक्त सभामा अघिल्लो वर्षको प्रतिवेदनको प्रस्तुती, त्यसको समीक्षा गर्दै आगामी बर्षको लागि योजना बनाउने गरिन्छ। योजना कार्यान्वयनका लागि सिविओ विकास केन्द्रले नियमित अनुगमन, समूह र सिविओहरुको मुल्याङ्कन र पृष्ठपोषण दिने गर्दछ। योजना कार्यान्वयन गर्ने क्रममा यस केन्द्रले वार्षिक योजनालाई सिविओहरुको योजनाको आधारमा विभाजन गरी सम्झौता गर्ने गर्दछ। सोहि सम्झौताको आधारमा समूहहरुमा सहयोग गर्नका लागि सिविओको खातामा रकम जम्मा गर्दछ। सिविओले समूहहरुको योजना र समस्याको प्राथमिकताको आधारमा कुन समूहलाई सहयोग गर्ने भनी निर्णय गरी सहयोग प्रदान गर्दछ। घरपरिवारमा सहयोग पुग्नु पर्ने ठाउँमा समूहहरुको निर्णयको आधारमा सिविओले समूहमार्फत् सहयोग गर्दछ। सम्पन्न भएका कार्यक्रमहरुको सार्वजनिक लेखापरीक्षण गर्ने कार्य हुन्छ। सोको अनुगमन यस केन्द्रले गर्दछ। गरेका कार्यहरुको सिविओहरुले पठाएको प्रतिवेदनको आधारमा यस केन्द्रले मासिक, त्रैमासिक र वार्षिक प्रतिवेदन तयार गरी सम्बन्धित निकायहरुमा पेश गर्ने गर्छ।

साथै कार्यक्रमलाई अझ प्रभावकारी बनाउनका लागि नगर स्तरमा नगर वा गा.पा. सल्लाहकार समिति र जिल्लास्तरमा जिल्ला सल्लाहकार समितीको बैठकहरुमा स्थानिय निकायको अध्यक्षतामा समन्वय बैठक बसी एक अर्काले गरेको र गर्न सकिने सरसहयोगको बारेमा छलफल गरी सल्लाह सुझाव लिएर कार्यक्रमलाई अगाडि बढाउन मद्दत पुगेको छ ।

## १०. फेडेरेसन कार्यसमितीको गठन प्रक्रिया :-

समूह, सिविओ र संस्थाको कार्यसमितीमा समावेशिकरण तथा प्रजातान्त्रिक अभ्यासलार्य प्रभावकारी बनाउनका लागि हरेक बर्ष समूहको तहमा "वार्षिक समूह सभा", सिविओको तहमा "बार्षिक सिविओ सभा" र फेडेरेसन संस्थाको रुपमा रहेको सिविओ विकास केन्द्र तहमा "बार्षिक साधारण सभा" को आयोजना गर्ने र उक्त सभामा अघिल्लो वर्षको प्रतिवेदनको प्रस्तुती, त्यसको समीक्षा गर्दै आगामी बर्षको लागि योजना बनाउने गरिन्छ । सिविओ सभाका लागी हरेक समुह सभावाट समावेशिकरण मिलाई २ जना सभासद सिविओ सभाका लागी छनौट गरि पठाइन्छ र सिविओको वार्षिक साधारण सभाले आफ्नो सिविओमा रहेका हरेक ५ समुह वरावर १ जना सभासद सिविओ विकास केन्द्रलाई छनौट गरि पठाइन्छ । जसमा समाजसेवा समितिवाट ७ जना, पिडित मुक्ति समाजवाट ६ जना, एकता समाजवाट ७ जना, सशक्तिकरण मुल समितिवाट ५ जना र स्वयम जागृति समाजवाट ९ जना गरि ३२ जना सभासद छनौट भई सिविओ विकास केन्द्रको साधारण सभामा सहभागी हुन्छन । यिनै सभासदवाट सिविओ विकास केन्द्रको कार्यसमितीका लागी उमेदवार भई सहमति तथा निर्वाचन प्रक्रिया मार्फत कार्यसमितीको गठन हुन्छ ।

## ११. संस्थागत संरचना :



## १२. संस्थाद्वारा संचालित कार्यक्रम तथा अवधि

| क स | परियोजनाको नाम | सुरुवात | समाप्ती | साझेदार संस्था |
|---|---|---|---|---|
| १ | दिगो जिविकोपार्जमा विपन्न समुदायको पहुच (सुलभ) | अप्रिल २०१७ | डिसेम्वर २०२० | विकास कोष नर्वे |
| २ | टेक्नीकल सपोर्ट कार्यक्रम | डिसेम्वर २०१९ | डिसेम्वर २०२० | टिसिपि ग्लोवल |
| ३ | जिविकोपार्जन परियोना | नोभेम्वर २०१० | मार्च २०१७ | वर्ल्ड भिजन ईन्टरनेशनल |
| ४ | 3PM परियोजना | जुलाई २०१४ | मार्च २०१७ | वर्ल्ड भिजन ईन्टरनेशनल |
| ५ | खाद्यसुरक्षा मार्फत गरिवी न्युनिकरणमा पहल परियोजना | अक्टुवर २०११ | सेप्टेम्वर २०१४ | लुथरन विश्व फेडेरेसन नेपाल |
| ६ | संकटासन्न समुदायको दिगो जिविकोपार्जन कार्यक्रम | अक्टुवर २००९ | सेप्टम्वर २०११ | लुथरन विश्व फेडेरेसन नेपाल |
| ७ | नेपाल विकास कार्यक्रम | २००८ | २०१० | लुथरन विश्व फेडेरेसन नेपाल |

## १३. कार्यक्रमका मूल विषय र क्षेत्रहरू

संस्थाले तयार गरेको ५ वर्षे रणनैतिक योजना अनुसार आगामी ५ वर्षका लागि निम्न कार्यक्रम (थिम) हरूको डिजाइन गरिएको छ ।

१. संस्थागत विकास तथा सञ्जाल
२. कृषि (खाद्य-सुरक्षा अभिवृद्धि) तथा आर्थिक विकास
३. युवा सहभागिता तथा रोजगारी अभिवृद्धि
४. महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सशक्तिकरण
५. पोषण, स्वास्थ्य तथा सरसफाइ
६. वातावरण संरक्षण, विपद् व्यवस्थापन तथा जलवायु अनुकूलन

<table>
<tr><td rowspan="2">रणनीतिक थिम</td><td colspan="6">लक्ष्य : स्थानीय जनताको मानवअधिकार तथा खाद्य सुरक्षा प्राप्तिमा टेवा पुऱ्याउने</td></tr>
<tr><td>संस्थागत विकास तथा सञ्जाल</td><td>कृषि (खाद्य - सुरक्षा) तथा आर्थिक विकास</td><td>युवा सहभागिता तथा रोजगारी</td><td>महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सशक्तिकरण</td><td>पोषण, स्वास्थ्य तथा सरसफाइ</td><td>वातावरण संरक्षण, विपद् व्यवस्थापन तथा जलवायु अनुकूलन</td></tr>
<tr><td rowspan="4">क्रस कटिङ थिम</td><td colspan="6">लैङ्गिक समता तथा सामाजिक समावेशीकरणमा जोड</td></tr>
<tr><td colspan="6">शारीरिक तथा मानसिक रूपमा अशक्तहरूको क्षमतामा जोड</td></tr>
<tr><td colspan="6">जवाफदेहिता, सुशासन र पारदर्शिता</td></tr>
<tr><td colspan="6">वाल संरक्षण</td></tr>
</table>

## १४. सिबिओ विकास केन्द्रका १२ बर्षे उपलब्धि र केही प्रभावहरू

- जिल्लामा स्थापित सञ्जाल संस्था (५ वटा सिबिओ) को रूपमा पहिचान र मान्यता
- वर्ल्ड भिजन इन्टरनेसनलद्वारा उत्कृष्ट साझेदार संस्थाको रूपमा २०१६ मा सिबिओ विकास केन्द्रलाई विशेष पुरस्कार प्रदान

- समुदायको असीम विश्वास र आस्था ('ठगी खाने संस्था होइन, गरी खाने संस्था हो' भन्ने विश्वास)
- ५ वटै सिबिओहरूको र ८ वटै सहकारीहरूको आफ्नै भवनमा कारोवार
- जीविकोपार्जन परियोजनामार्फत् विपन्न बालबालिकाहरूलाई निरन्तर विद्यालय पठाउन सफल
- विभिन्न साक्षरतासम्बन्धी कार्यक्रममार्फत् महिला साक्षरता वृद्धिमा सहयोग र राम्रो उपलब्धि
- सकारात्मक छविको केन्द्र तथा पारदर्शी र सुशासान संस्थाको रूपमा विशेष पहिचान
- समूह, सहकारी, सिबिओ र सिबिओ विकास केन्द्र, मानवअधिकारकर्मी, महिला अधिकारकर्मीबीचको राम्रो सञ्जालको रूपमा विकसित
- विभिन्न सीपमूलक तालिममार्फत् (जस्तैः ठेला नास्ता पसल सञ्चालन, मोबाइल मर्मत, सिलाइकटाइ व्यवसाय आदि) केही विपन्न वर्गका मानिसलाई स्वावलम्बी र नमूना 'व्यवसायी' बनाउन सफल
- तालिमको राम्रो प्रभाव तथा आम्दानीमा वृद्धि भएका सयौं उदाहरण स्थलगत रूपमा उपलब्ध
- एक महिला समुहद्धारा उदाहरणीय रूपमा बेसार उद्योगको स्थापना र सञ्चालनसमुदायमा साना सिंचाइको व्यवस्थामार्फत् बाली विविधीकरणमा वृद्धि
- समुदायमा पोषणयुक्त खानेकुराको प्रवर्द्धन र धेरै जना अभ्यस्त हुँदै गइरहेको,

## खण्ड ख संस्थाद्वारा संचालित विभिन्न कार्यक्रम

### १ सस्थागत कृयाकलापहरु

#### १.१ साधारण सभा तथा अधिवेशन :



संस्थाको नियमित कार्यक्रम अनुसार मिति २०७६ साल भाद्र २६ गतेका दिन राधा ओलीको सभाध्यक्षता, स्वदेशु चौधरीको प्रमुख आतिथ्यमा सिविओ विकास केन्द्रको १३ औ साधारण सभा तथा ७ औं अधिवेशन फुलवारीको स्वयम जागृति समाजको हलमा सम्पन्न भएको थियो । साधारण सभामा सिविओको संस्थागत क्षमता विकास र परियोजना सफल वनाउन महत्वपुर्ण भुमिका निर्वाह गर्ने कार्यक्रम सहजकर्ताहरु श्री शेर वहादुर वोगटी, श्री खेमानन्द पौडेल, श्री लाल वहादुर चौधरी र श्री गोपिलाल चौधरीलाई सम्मान सहित प्रसंशा पत्र प्रदान गरिएको थियो । सशक्तिकरण मुल समितिका कार्यक्रम सहजकर्ता स्व. प्रेम वहादुर थापाको सम्झनामा १ मिनेट मौन धारणा गरिएको थियो । सम्मान गर्ने क्रममा लामो समय योगदान गर्ने कर्मचारीको रुपमा श्री ज्ञानु प्रसाद तिवारीलाई पनी सम्मान सहित प्रसंशा पत्र प्रदान गरिएको थियो । साधारण सभावाट शेर वहादुर वोगटीको संयोजकत्वमा ३ सदस्यीय निर्वाचन समितिले सहमती प्रक्रिया मार्फत रुपनारायण चौधरीको नेतृत्वमा १० सदस्यीय नया कार्यसमितीको चयन गरेको छ । उपाध्यक्षमा चन्की चौधरी, सचिवमा सुप्रिना चौधरी, कोषाध्यक्षमा मनवारु चौधरी, सहसचिवमा कलावती साउँद र सदस्यमा दल वहादुर नेपाली, हरिनारायण राना, सुस्मीता चौधरी, गुलावी चौधरी, तुलसीराम चौधरी चयन भएका छन । नया कार्यसमितीलाई प्रेम वोगटी, शेरवहादुर वोगटी, राधा ओली र स्वदेशु चौधरीले

कार्यकालको शुभकामना दिनु भएको थियो । साधारण सभाको खुल्ला सत्र संचालन लेखापाल ईन्दु शाहले संचालन गर्नु भएको थियो भने वन्द सत्र कार्यक्रम व्यवस्थापक ज्ञानु प्रसाद तिवारीले संचालन गर्नु भएको थियो ।

**१.२ सहकारीको कोष परिचालन :**

सिविओ विकास केन्द्रका ५वटै सिविओ अर्न्तगत स्थापित भएका सहकारीमा वचत तथा ऋण कार्यक्रम वाट दिनानु दिन कोष वृद्धि हुदै आएको छ । विगत २०६६ साल देखी सहकारीताको मोडलमा काम गर्नका लागी डिभिजन कार्यालयमा विधिवत दर्ता भई कार्य गर्दै आउदा हाल ५ वटै सहकारीहरुको कुल पुजीँ ५ करोडको हाराहारीमा पुगेको छ । सुरुको अवस्थामा रु ५ वाट सुरु भएको वचतमा वानीको विकास भई मासिक २०० देखी ५०० सम्म वचत गर्न थालेका छन । यसरी सहकारीहरुले सदस्यको आर्थिक तथा सामाजिक विकासमा योगदान पुऱ्याउनु दिगो विकासको एक लक्षण मान्न सकिन्छ ।



**१.३ ५ वर्षे रणनैतिक योजना निर्माण :**

सिविओ विकास केन्द्र र सिविओ तथा विभिन्न परियोजना मार्फत १२ वर्षको लामो सिकाई अनुभवलाई संगठित गदै भविष्यमा कसरी आफ्नो छविलाई कायम गर्दै समुदायमा के योगदान गर्न सकिन्छ भन्ने सोचका साथ ५ वर्षे भावी कार्ययोजना निर्माण गरिएको छ । २०७५ पौष ८ देखी ११ गतेसम्म डडेल्धुरामा संचालन गरिएको ४ दिने कार्यशालावाट यो ५ वर्षे रणनैतिक योजना तयार गरिएको छ ।

**१.४ सिविओ महासघमा आवद्धता**

समुदायमा आधारित संस्थाहरुको संस्थागत तथा व्यवसायीकताको क्षमतामा वृद्धि गर्नका लागी महासंघको आवश्यकताको महशुस गरि महासंघको गठन गरिएकोमा सिविओ विकास केन्द्र संस्थापक सदस्य भएको छ । यसै गरि समुदायमा आधारित संस्थाहरुको प्रादेशिक संजालको पनी सदस्य भई नियमित वैठकमा विपन्न समुदायको वकालत गर्दै आएको छ ।

**१.५ संस्थाको वेवसाईट संचालन**

संस्थाका कामलार्य प्रसार गर्नुका साथै संस्थालाई परिचित गराउनका लागी संस्थाको वेवसाईट वनाईएको छ । जसमा संस्थाका सुचनाहरु र सिविओको छोटो सुचना समावेश गरिएको छ । वेवसाइट पोखरा स्थीत पिएच सोलुसन द्धारा निर्माण गरिएको छ भने आर्थिक सहयोग विकास कोष नर्वेको रहेको छ । वेबसाईटमा सदस्य सहकारीको विवरण पनी समावेश गरिएको छ । आवश्यकता अनुसार सुधार गर्दै लगीएको छ ।

**वर्षा शुरू हुनु अघि नै प्रकोप पूर्वतयारी र योजना तय गरौं ।**
**तयार गरिएका योजनाहरू कार्यान्वयनमा अधिकतम पहल गरौं ।**

## पोषणसम्बन्धी चेतना बढ्यो, खानपानमा सुधार भयो

हाम्रो देश नेपाल, जहाँ विभिन्न किसिमका सरकारी तथा गैरसरकारी संस्थाहरूले काम गर्दै आइरहेका छन्, जसमध्ये एउटा सिबिओ विकास केन्द्र धनगढी पनि हो । यस संस्थाले आफ्नो कार्यक्षेत्रमा रहेको अति दुर्गम क्षेत्र मानिएका मोहन्याल गाउँपालिका ५ र २ वडाहरूमा पोषणयुक्त खानामा सुधारसम्बन्धी जनचेतनामूलक अन्तर्क्रिया छलफल तथा अन्य जीविकोपार्जन कार्यक्रम सञ्चालन गर्दै आइरहेको छ ।

कैलाली जिल्ला सुगममा परेता पनि यहाँको मोहन्याल गाउँपालिका अति दुर्गम स्थानमा रहेको छ । यहाँ बाटोघाटो, बिजुली बत्ती, खानेपानीजस्ता आधारभूत कुराहरूको अभाव छ । यहाँ शिक्षा र पोषणको पनि अभाव छ । यस्तो ठाउँमा सिबिओ विकास केन्द्रले पोषणयुक्त खानाको व्यवस्थापन संचालन गरेको छ ।

पोषणयुक्त खानाको बारेमा सामान्य थाहा हुँदा पनि गाउँलेहरूमा केही परिवर्तन देखिन थालेका छन् । 'कस्तो र कति प्रकारको खाना खानु पर्छ भन्ने पनि हामीलाई पहिला थाहा थिएन, तर सिबिओ संस्थाले पोषण कार्यक्रम सञ्चालन गरेपछि भने धेरै कुरा थाहा भएको छ र व्यवहारमा लागू गर्ने प्रयास पनि गरेका छौं', सुनपाल महिला समूह मोहन्याल ५ बिरखेतकी डम्मारा भाट भन्छिन् । त्यही गाउँकी मैसारा भाट थप्छिन्, 'हाम्रा भान्सामै उपलब्ध हुँदाहुँदै पनि ज्ञानको अभावले कतिपय खानेकुरा राम्रोसँग व्यवस्थापन गर्न नसकेर हामी पछाडि परेका रहेछौं ।'

पोषणयुक्त खानाको व्यवस्थापनसम्बन्धी जनचेतना कार्यक्रम चलाउँदा समुदायमा ज्ञानको कमी र बुझाइमा कमी रहेकोले समूहका सबै सदस्यले बझ्ने र बुझाउने खालको "पोषणयुक्त खाना खाने बानी स्वास्थ्य जिन्दगानी" भन्ने नारासहितको पोस्टर संस्थाले हरेक घरलाई दिएको छ । जसलाई सबैले भान्सामा नै टाँसेर राख्छन् । 'यसरी दिनदिनै पोस्टर देख्दा त्यसबाट पनि धेरै चेतना पाइने रहेछ, ख्याल गर्नुपर्ने धेरै कुरा सिकिने रहेछ' शुभकामना मिश्रित समूह मोहन्याल ५ पाल्साकी जयन्ती रोकामगरको भनाइ हो यो ।

परिवर्तनशील महिला समूह मोहन्याल-५ जिमट्टेकी अमृता बुढामगर भन्छिन्, 'हाम्रो समुदायमा पोषणयुक्त खानाको बारेमा पहिलेको र अहिलेको अवस्थामा निकै नै परिवर्तन आएको छ ।' 'पहिले हामीलाई पोषण खाना कति र कुन प्रकारको खानुपर्छ भन्ने कुराको खासै जानकारी थिएन, तर अहिले हामीलाई कुन खाना खाएमा के तत्व पाइन्छ र कति प्रकारको खाना खानुपर्छ भन्ने बिषयमा धेरै जानकारी भएकोले खाना बनाउँदा र खाँदा के पुगेन भनेर सोच्ने गरेका छौं', अमृता आफ्नो अनुभव पस्किन्छिन् ।

समुदायका सबै सदस्यले पोषणयुक्त खाना खाने बानीको विकास आफू र अरुलाई पनि सिकाउनु पर्छ भन्ने सिकाइ भएको बताउँछिन् हरियाली महिला समूह मोहन्याल-५ पालनीकी अध्यक्ष अमृता कठायत । ●

## २ संचालित परियोजना

### १.१ परियोजनाको नाम : दिगो जिविकोपार्जनमा विपन्न समुदायको पहुच (सुलभ) परियोजना

**दातृ निकाय : विकास कोष नर्वे**

**परियोजना अवधि : २०१७ देखी २०२०**

**परिचय :**



विकास कोष नर्वेको वित्तिय सहयोगमा सिविओ विकास केन्द्रद्धारा सन २०१७ देखि कैलाली जिल्लाको मोहन्याल गाउपालिका र घोडाघोडी नगरपालिकामा दिगो जिविकोपार्जनमा विपन्न समुदायको पहुच (सुलभ) परियोजना ६० वटा समुहका १३२३ घरधुरीमा संचालन गरिएको छ । विपन्न समुदायको पोषण अवस्थामा सुधार गर्नुका साथै कृषि तथा पशु पालनमा सुधार गर्दै गरिवि निवारणमा योगदान गर्नु परियोजनाको मुख्य उद्देश्य हो । परियोजना मार्फत उत्पादन वृद्धि, विपन्न युवाहरुलाई उद्यमी वनाउनका लागी विभिन्न

सिपमुलक तालिम र सहकारी विकासका लागी विभिन्न कृयाकलाप सञ्चालन गर्दै आएको छ। सि.वि.ओ. विकास केन्द्रले जीविकोपार्जन सम्बन्धमा कार्यरत विभिन्न सरकारी तथा गैरसरकारी संघ-संस्थाहरुसँग सम्पर्क समन्वयमार्फत् कार्यक्रमलाई अझ बढी प्रभावकारी र पारदर्शी रुपमा अगाडि बढाउँदै आएको छ । जसले गर्दा उपेक्षित समुदायको जीविकोपार्जनमा सुधार र स्वरोजगारीका अवसरहरु सिर्जना भई आत्मनिर्भर बन्न सकेका छन् । यसरी विपन्न समुदायको आम्दानीको अवसरमा विविधीकरण र वृद्धि भएको छ । सि.वि.ओ. विकास केन्द्रद्वारा सञ्चालित कार्यक्रमहरुको संक्षिप्त विवरण यस प्रगति प्रतिवेदनमा समेटिएको छ ।

## १.२ यस आर्थिक वर्ष २०७६/७७मा संचालन गरिएका मुख्य कृयाकलापहरु यस प्रकार छन :

### १) वाख्रापालन तालिम तथा सहयोग

मोहन्याल गाउपालिका को वार्ड नं. ४ अर्न्तगत सल्लीखर्क गाउँमा रहेको सल्लीखर्क मिश्रीत कृषक समुहमा १० जना सदस्यलाई गोठ सुधार रु ६००० र २ वटा वाख्रा खरिदका लागी रु १०,००० घुम्तीकोषवाट छनौट गरि सहयोग गरिएको छ । जसमा सदस्यहरुले सुधारिएको वाख्राको खोर निर्माण गरेका छन । सदस्यले पाएको १० हजार रकम अर्को वष अर्को समुहमा वाख्रा खरिदका लागी फिर्ता गरिनु पर्ने छ ।

### २) सुधारिएको वंगुर पालन तालिम तथा सहयोग

घोडाघोडी नगरपालिका १० जना विपन्न सदस्यहरुलाई घोडाघोडी नगरपालिका पशु सेवा शाखाको समन्वयमा तालिम दिई प्रति सदस्य २ वटा वंगुर सहयोग गरिएको छ भने सदस्यहरुलाई सुधारिएको खोर निर्माण गर्नका लागी प्रति सदस्य रु ७००० अनुदान सहयोग गरिएको छ । अहिले ति सदस्यहरु आफ्नो वंगुर पनी सुधारिएको खोरमा राखेर पालन गरिरहेका छन । अघिल्लो वर्ष र यस वर्ष गरि २० जना सदस्यलाई वंगुर सहयोग गरिएको छ । जसवाट प्रति सदस्यले वर्षिक ४० हजार थप आम्दानी गरेको छन । सिरानगर वंगुरको वच्चा पाउने श्रोत केन्द्र जस्तै वनेको छ ।

### नास्ताको बजार : दैनिक हजार !

रुस्मा चौधरी घोडाघोडी नगरपालिका वडा नं. २ सिरानगरमा रहेको हरियाली महिला कृषक समूहकी अध्यक्ष हुन् । उनी एक अति विपन्न परिवारकी सहारा हुन् । किनकि परिवारमा रहेको २ कट्ठा जमिन र दैनिक लेबरी (मजदूरी) को (रु. ३००) आम्दानीले ५ जनाको परिवार चलाउन धौ धौ भएको छ उनलाई । उनी भन्छिन्, 'पेट दुखेर जचाउँदा मृगौलामा २ वटा पत्थरी देखिएको छ, जुन मसँग पैसा नभएर दुई वर्षदेखि उपचार गर्न सकेको छैन । पत्थरीको पीडा सहेर पनि दैनिक लेबरी जानुपर्ने बाध्यता मलाई रहेको छ ।'

विकास कोष नर्वेको आर्थिक सहयोगमा सिबिओ विकास केन्द्रबाट सञ्चालित सुलभ परियोजनाअर्न्तगत ५ दिने ठेलानास्ता तालिम र सामानको साथै ठेलागाडा सहयोग पाएर हाल साडेपानीको जंगपुर बजारमा २०७४ मंसिरबाट ठेला नास्ता व्यवसाय गरेकी छिन् रुस्मा ।

उक्त व्यवसायबाट उनले दैनिक रु ५०० देखि १,००० सम्म आम्दानी गरिरहेकी छिन् । अहिले श्रीमानको नियमित उपचार गर्न, छोराछोरीको पालनपोषण र घर खर्च चलाउन अति सहज भएको बताउँछिन रुस्मा । उनी थप्छिन्, 'अहिले मैले दैनिक रु. १०० समूहमा र मासिक रु. १०० सहकारीमा नियमित बचत गर्ने गरेको छु । श्रीमानको नियमित उपचारले श्रीमानले आफूलाई सहयोग गर्ने गरेको पनि उनी बताउँछिन् । भविष्यमा रकम जम्मा गरेर आफ्नो पनि उपचार गर्ने र व्यवसायलाई बढाउने उनको योजना रहेको छ ।

रुस्मा चौधरी परिवर्तनकी एक असल पात्र हुन् । रुस्माजस्तै साढेपानीकै विस्ना चौधरी, गुलावी चौधरी, रिता चौधरी, शुशिला चौधरी र फूलमती चौधरी पनि सफल ठेलानास्ता व्यवसायी भएका छन् । यसरी नै रामशिखरझालाकी गुलाबी चौधरी र मीना चौधरी पनि नास्ता व्यवसायबाट दैनिक ५०० देखि १,००० नाफा कमाउन सफल छन् ।

साढेपानीकै विद्यालय छोडेर बसेका छविलाल चौधरी कपाल काटेरै दैनिक ५०० कमाउने गरेको बताउँछन् । यसै गाउँका नवीन कठरिया मोटरसाइकल मर्मत तालिम सकिनेबित्तिकै मासिक ७/८ हजार सजिलै कमाउँछन् र उनको थप सिक्ने काम पनि चलिरहेको छ । यसैगरी रामशिखरझालाका किसन चौधरी आफ्नै मोटरसाइकल मर्मत ग्यारेज राखेर सफल व्यवसायी बन्ने योजनामा छन ।

विपन्न वर्गका महिला तथा युवाहरूलाई उनीहरूको इच्छाएको व्यावसायिक तालिम र केही सामग्री सहयोगका साथै ऋणका लागि सहकारीमा जोड्न सकिएमा स्वरोजगार बनाई आम्दानी बढाउन सकिन्छ । गाउँमा आफूजस्तै विद्यालय छोडेर बसेका बेरोजगार साथीहरू धेरै रहेको किसन बताउँछन् ।●

**३) विउ वृद्धिकालागी धान र आलु तालिम र विउ सहयोग**

साविक रामशिखरझाला र साडेपानी मा रहेका ४ समुहमा अपि हिमाल विउ कम्पनीसंगको सहकार्यमा ७४ सदस्यलाई सुधारिएको धान खेति तालिम र उन्नत जातको विउ सहयोग गरिएको थियो । जसवाट सदस्यहरुले उन्नत जातको विउ उत्पादन वृद्धि गर्न सफल भएका छन । सदस्यहरुलाई गहुको विउ पनी सहयोग गरिएको थियो जसवाट सहकारीले सदस्यहरुवाट ११ क्वीन्टल गहुँको विउ खरिद गरेको आर्दश कृषि सहकारीले विक्रिवाट ९ हजार खुद नाफा आर्जन गरेपछी यस पटक २० क्वीन्टल विउ खरिद गरेको छ । यो वर्ष आर्दश सहकारीले ११ क्वीन्टल चिसो सहने आलुको विउ सदस्यवाट खरिद गरेको थियो । जुन सिजनमा सदस्यलाई सुफत मुल्यमा विक्री गर्ने छ ।

**४ ठेला नास्ता तालिम तथा सामाग्री सहयोग**

खेत नभएका विपन्न सदस्यहरुलाई ५ दिने ठेला नास्ता व्यवसाय तालिम र सामाग्री सहयोग गरिएको छ । सहकारीको घुम्तीकोष वाट २५ हजार ऋण मा ठेला खरिद गर्ने र सिविओ विकास केन्दवाट रु ८ हजार वरावरको सामग्री सहयोग गरिएको थियो । जसवाट महिला सदस्यहरुले प्रति दिन ५०० सजिलै आम्दानी गरि रहेका छन । अघिल्ला वर्ष र यस वर्ष गरि १७ जनाले ठेला नास्ता व्यवसाय गरि रहेका छन ।

**५) सहकारीको क्षमता अभिवृद्धि तालिम र सामाग्री सहयोग -**

सिविओ विकास केन्द्रले परियोजना संचालनका लागी सामुदायिक साझेदारका रुपमा छानीएका ३ वटा सहकारीको क्षमता वृद्धिको कममा आदर्श कृषी सहकारी संस्था र रामशिखर कृषि सहकारी संस्थाको वैङ्किक काउन्टर र डेल व्रान्डेट डेस्कटप कम्प्युर सहयोग गरिएको छ । यसरी नै गत वर्ष सहकारीको क्षमता विकासका लागी सहकारी लेखा व्यवस्थापन तालिम र विउ व्यवसाय आधारभुत तालिम संचालन गरिएको थियो । जसले सहकारीको कार्यक्षमतामा वृद्धि हुनुका साथै पारदर्शिता वृद्धि हुने छ ।

**६) सहकारी घुम्तिकोष सहयोग**

परियोजना समापनमा परियोजनाले गरेका कार्यक्रमहरुको दिगोपना तथा विपन्न वर्गलाई व्यवसाय सुरुवातका लागी सन २०१७ मा आर्दश कृषी सहकारी संस्थालाई २ लाख ५० हजार रुपैया र रामशिखर कृषि सहकारीलाई १ लाख ५० हजार रुपैया घुम्तीकोष सहयोग गरिएको छ । यसरी नै परिवर्तन कृषि सहकारीलाई पनी रु १ लाख ५० हजार सहयोग गरिएको छ । जसलाई ६ प्रतिशत व्यजदरले विपन्न सदस्यलाई आयमुलक कार्यमा सदस्यको आम्दानी वृद्धिको लागी ऋण परिचालन गर्नु पर्नेछ ।



**८) लैङिगक संवेदनशिलता तथा महिला श-सक्तिकरण तालिम**

स्थानिय स्तरका महिला समन्धी सवाल तथा महिला अवस्थामा कसरी समता ल्याउन सकिन्छ र लैङिक संवेदनशिलताो अवस्थाका वारेमा सुसुचित गर्नका लागी २ दिने तालिम २ ठाउमा २ वटा लैङ्गिक संवेदनशिलता तथा महिला श-सक्तिकरण तालिम सम्पन्न गरिएको छ जसमा २८ जना महिला पुरुषहरु सहभागी भएका थिए ।

**९) गोठ सुधार सहयोग**

वर्तमान परिपेच्छमा सडकमा गाई छोडुवा छोड्ने प्रचलन वढीरहेको अवस्थामा २० जना सदस्यको गोठ सुधारमा सहयोग गरिएको छ । सिविओ विकास केन्द्रले रु ६००० सहयोग गर्ने वाकी रकम सदस्यले स्वयम वेहोर गर्ने गरी गोठ सुधार गरिएको हो । यो गोठ सुधार भै पशुहरुलाई आराम र सफा देखेपछी गाँउका अन्य घरधुरीले पनी आफ्नै लगानीमा गोठ सुधार गर्न थालेका छन ।

**१.२ परियोजनाको नाम : टेक्नीकल क्रेडिट सहयोग कार्यक्रम**

**दातृ निकाय : टिसिपि ग्लोवल**

**परियोजना अवधि : २०१९ देखी २०२०**

**परिचय :**

सहकारीमा आवद्ध भएका विपन्न सदस्यहरु जो लघु उद्यम गर्न चाहान्छन वा साना स्वरोजगारमुलक आयआर्जनका कृयाकलाप लागी सहकारी मार्फत वार्षिक ६ प्रतिशतका दरले सुलभ ऋण सहयोग गर्ने गरि यो परियोजना संचालन गरिएको छ । हाललाई ४ वटा सहकारी मार्फत घुम्तीकोष निर्देशिका वनाई यो परियोजना संचालन गरिएको छ । भविष्यमा यो परियोजनालाई वढाउदै लैजाने योजना छ । यस कार्यक्रम वाट २८ जना सदस्यले लाभ लिएका छन ।



*"घरेलु विषादीको प्रयोग गरी स्वस्थ तरकारी उत्पादन गरौं ।"*
*"रासायनिक विषादीको असरलाई घटाऔं,*
*जैविक विषादीलाई बढवा दिई वातावरण संरक्षणमा टेवा पुर्‍याऔं"*

### घरेलु तरिका किरा व्यवस्थापन

गाई भैंसीको गहुँत, तितेपानी, सिस्नो, साबुनको झोल आदिको प्रयोगले पनि किरा नियन्त्रण गर्न सकिन्छ ।

१. एक भाग गाई भैंसीको गँहुतलाई पाँच भाग पानीमा मिसाइएको झोल लाही देखिने वित्तिकै छर्कनाले, लाही, लाभ्रे र सुलसुले किराले कम नोक्सान पुऱ्याउँछ तर ३-४ दिनको फरकमा ३ पटक छर्दा निकै प्रभावकारी हुन्छ ।

२. कलिलो सिस्नोको पात कुटेर ७ दिनसम्म अमिलिन दिने र ४ भाग पानीमा मिसाई छर्कनाले आलुको कमिला, लाही र लाभ्रेलाई बढ्न दिदैन ।

३. ३-४ पोटी लसुन २-३ वटा सानो प्याज र २ मुठी सयपत्रीको पात र २ वटा रातो खुर्सानी मिसाई उमालेर निक्लेको ४ लिटर झोल छर्कनाले धेरै प्रकारको बिरुवाका रस चुस्ने किराहरु नष्ट हुन्छन् ।

४. साबुन पानीको झोलमा थोरै मट्टीतेल मिसाएर छर्दा पनि लाही जस्ता कैयौ किराहरु नियन्त्रण भएको पाइएको छ ।

५. निमको पात तथा गेडाबाट निकालिएको झोल प्रयोग गर्दा किरालाई भगाउने, कुनै-कुनै अवस्थामा किरालाई मार्ने र किराको वृद्धिमा पनि रोकिन गई तरकारी बालीमा किराबाट हुने नोक्सानी कम गर्न ठूलो मद्दत पुगेको छ ।

## खण्ड ग परियोजना सम्वन्धि विभिन्न विवरणहरु

### १ सि.वि.ओ. विकास केन्द्र धनगढी, कैलालीको कार्य समिति नामावली विवरण

| क्र.सं | नाम | पद | ठेगाना |
|---|---|---|---|
| १ | रुप नारायण चौधरी | अध्यक्ष | गौरीगंगा नपा ६ वनवेहडा |
| २ | चन्की चौधरी | उपाध्यक्ष | धनउमपा १५, उर्मी |
| ३ | सुप्रिना चौधरी | सचिव | कैलारी गापा ६ खरेटी |
| ४ | मनवारु चौधरी | कोषध्यक्ष | धनउमपा १४ पुलवारी |
| ५ | कलावती साउद | सह सचिव | गोनपा ७ गौडी |
| ६ | हरिनारायण राना | सदस्य | धनउमपा १५, उर्मी |
| ७ | प्रेम वोगटी | सदस्य | गो न पा ८ स्याउले |
| ८ | गुलावी चौधरी | सदस्य | धनउमपा १४ फुलवारी |
| ९ | तुलसीराम चौधरी | सदस्य | गौरीगंगा नपा ६, दैदवारी |
| १० | सुस्मीता चौधरी | सदस्य | कैलारी गापा ६ गदरिया |
| ११ | दल व. दमाई | सदस्य | गो न पा ८ हरैया |

### २ सि.वि.ओ. विकास केन्द्रमा कार्यरत कर्मचारीहरुको विवरण :

| क्र.सं | नाम | पद | ठेगाना |
|---|---|---|---|
| १ | ज्ञानु प्रसाद तिवारी | कार्यक्रम व्यवस्थापक | गो.न.पा.-२, अत्तरिया, कैलाली |
| २ | ईन्दु शाह | लेखा तथा प्रशासन सहायक | धन पा ६ जाई, कैलाली |
| ३ | विनोद रावत | सामाजिक परिचालक (जेटिए) | जानकी गापा ४ मुनुवा, कैलाली |
| ४ | हिरण चौधरी | सामाजिक परिचालक | घोनपा २ सिरानगर, कैलाली |
| ५ | देव वहादुर वाठामगर | सामाजिक परिचालक | मोहन्याल गापा ५ कटौजे, कैलाली |
| ६ | दिनेश वहादुर वोहरा | सामाजिक परिचालक (जेटिए) | केदास्यु गापा ८, वझाङ |
| ७ | आशा कुमारी चौधरी | कार्यालय सहयोगी | कैलारी ६ वनकटवा, कैलाली |

### ३ सदस्य सि.वि.ओहरुको नामावली

| क्र.सं. | सि.वि.ओ.हरुको नाम | गा.वि.स. |
|---|---|---|
| १ | समाज सेवा समिति | चौमाला |
| २ | एकता समाज | श्रीपुर |
| ३ | पीडित मुक्ति समाज | गदरिया |
| ४ | स्वयम् जागृति समाज | फूलवारी |
| ५ | स-शक्तिकरण मुल समिति | उर्मा |

## ४ परियोजनाले ओगटेको लक्षित जनसंख्या र घरधुरी संख्या

| क स | गा वि स | समुह संख्या | जम्मा सदस्य संख्या | महिला | पुरुष | दलित | जनजाति | अन्य |
|---|---|---|---|---|---|---|---|---|
| १ | मोहन्याल | १२ | २५५ | २२९ | २६ | ४६ | १४४ | ६५ |
| २ | पण्डौन | ८ | १५३ | १५० | ३ | १४ | ४५ | ९४ |
| ३ | साडेपानी | २० | ४८८ | ४५६ | ३२ | ६५ | ३५२ | ७१ |
| ४ | रामशिखरझाला | २० | ४२७ | ४२१ | ६ | ४१ | ३१० | ७६ |
| | जम्मा | ६० | १३२३ | १२५६ | ६७ | १६६ | ८५१ | ३०६ |
| | | | | 95% | 5% | 13% | 64% | 23% |

## ५ सि.वि.ओ. तर्फका कर्मचारीहरुको नामावली विवरण:

| | | | | |
|---|---|---|---|---|
| १ | सन्तोषी चौधरी | कार्यक्रम सहजकर्ता | चौमाला-८, वनवेहडा | ९८४८४४६६४७ |
| २ | शेरबहादुर बोगटी | कार्यक्रम सहजकर्ता | श्रीपूर-६, गुन्द्रीबजार | ९८४८४१५९२५ |
| ३ | गोपीलाल चौधरी | कार्यक्रम सहजकर्ता | गदरिया-१, खरुवाखेरा | ९७४९०१६०६६ |
| ४ | मानबहादुर चौधरी | कार्यक्रम सहजकर्ता | फूलबारी-८, त्रिपन्न | ९८१५६६१८३४ |
| ५ | माया चौधरी | कार्यक्रम सहजकर्ता | उर्मा ६ उर्मा | ९८४७५४५३६४ |

## ६ साझेदार सिविओ सदस्य संस्थाहरुको सम्पर्क विवरण

| क्र. सं. | समुदायमा आधारित संस्थाहरु | ठेगाना | मासिक बैठक मिति | अध्यक्षको नाम | सम्पर्क फोन नम्बर |
|---|---|---|---|---|---|
| १ | समाज सेवा समिती | चौमाला, ३ गोप्का | १२ गते | खेमानन्द पौडेल | ०९१ ६२१२३० |
| २ | एकता समाज | श्रीपूर, ६ जमुनाभाडी | ९ गते | शोमती दहित | ०९१ ६२१२६९ |
| ३ | पिडीतमुक्ति समाज | गदरिया, ४ गदरिया | १४ गते | वुधराम चौधरी | ०९१ ६९०४२५ |
| ४ | स्वयं जागृति समाज | फूलबारी, ७ डिपोबजार | १३ गते | स्वदेशु चौधरी | ०९१ ६९०१४५ |
| ५ | सशक्तिकरण मूल समिती | उर्मा, ६ उर्मा गाँउ | ४ गते | जानकी देवी चौधरी | ०९१ ६९०४२४ |

## ७ सामुदायिक सदस्य सहकारी संस्थाहरुको सम्पर्क विवरण

| क्र. सं. | समुदायमा आधारित संस्थाहरु | ठेगाना | अध्यक्षको नाम | सम्पर्क फोन नम्बर |
|---|---|---|---|---|
| १ | समाज विकास कृषि सहकारी संस्था लि. | चौमाला,३ गोप्का | खेमानन्द पौडेल | ०९१ ६२१२३० |
| २ | एकता प्रगति वचत तथा ऋण सहकारी संस्था लि. | श्रीपूर, ६ जमुनाभाडी | सुरत वोगटी | ०९१ ६२१२६९ |
| ३ | पिडीतमुक्ति वचत तथा ऋण सहकारी संस्था लि. | गदरिया, ४ गदरिया | वुधराम चौधरी | ०९१ ६९०४२५ |
| ४ | स्वयं जागृति वचत तथा ऋण सहकारी संस्था लि. | फूलबारी, ७ डिपोबजार | लक्ष्मी जैसी | ०९१ ६९०१४५ |
| ५ | सशक्त वचत तथा ऋण सहकारी संस्था लि. | उर्मा, ६ उर्मा गाँउ | जानकी देवी चौधरी | ०९१ ६९०४२४ |

**CBO Development Center (CBODC)**
**Dhangadhi-5, Kailali**
**Statement of Financial Position**
**As at 31st Ashadh 2077 (15th July 2020)**

(NPR)

| Particulars | Notes | Current Year | Previous Year (Restated) |
|---|---|---|---|
| ASSETS | | | |
| **Non-Current Assets:** | | | |
| Property, Plant and Equipment | 4.1 | 880,832.47 | 107,639.19 |
| Intangible Assets | 4.2 | 9,600.00 | 12,800.00 |
| Investment Property | | - | - |
| Long term Investment | | - | - |
| Other non current assets | | - | - |
| **Total Non-Current Assets** | | **890,432.47** | **120,439.19** |
| **Current Assets:** | | | |
| Inventories | 4.3 | - | - |
| Accounts Receivables | 4.4 | 402,300.00 | 816,250.00 |
| Cash and Cash Equivalents | 4.5 | 793,214.39 | 878,945.97 |
| **Total Current Assets** | | **1,195,514.39** | **1,695,195.97** |
| **Total Assets** | | **2,085,946.86** | **1,815,635.16** |
| **LIABILITIES & RESERVES** | | | |
| **Accumulated Reserve:** | | | |
| Unrestricted Funds/accumulated surplus | 4.6 | 289,363.24 | 289,363.24 |
| Designated Funds | 4.7 | - | - |
| Restricted Funds | 4.8 | (1,000.00) | (1,000.00) |
| Endowment Funds | 4.9 | - | - |
| Other Capital Reserves | 4.10 | 120,439.19 | 120,439.19 |
| **Total Accumulated Reserves** | | **408,802.43** | **408,802.43** |
| **Non-Current Liabilities:** | | | |
| Loans and Borrowings | | - | - |
| Employee Benefit Liabilities | | - | - |
| Deferred Revenue | | - | - |
| Other non-Current Liabilities | | - | - |
| **Total Non-Current Liabilities** | | - | - |
| **Current Liabilities:** | | | |
| Accounts Payable | 4.11 | 1,677,144.43 | 1,406,832.73 |
| Loans and Borrowings | | - | - |
| Provisions | 4.12 | - | - |
| Bank Overdrafts | 4.13 | - | - |
| **Total Current Liabilities** | | **1,677,144.43** | **1,406,832.73** |
| **Total Liabilities** | | **1,677,144.43** | **1,406,832.73** |
| **Total Liabilities and Reserves** | | **2,085,946.86** | **1,815,635.16** |

*The Notes on accounts form an integral part of the financial statements.*

As per our report of even date

| | | | | |
|---|---|---|---|---|
| **Indu Shah** | **Gyanu Prasad Tiwari** | **Man Baru Chaudhary** | **Rup Narayan Chaudhary** | **CA. Surendra Bahadur KC** |
| Account Officer | Program Manager | Treasurer | Chairperson | **Managing Partner** |
| | | | | For: K.J. & Associates |
| | | | | Chartered Accountants |

Date: 2077.06.20
Place: Dhangadhi, Kailali

**CBO Development Center (CBODC)**
**Dhangadhi-5, Kailali**
**STATEMENT OF INCOME AND EXPENDITURE**
**For the Year Ended 31st Ashadh 2077 (15th July 2020)**

(NPR)

| Particulars | Notes | Current Year | Previous Year (Restated) |
|---|---|---|---|
| INCOME | | | |
| Incoming Resources | 4.14 | 3,946,981.77 | 4,037,058.14 |
| Financial Income | | 22,757.77 | - |
| Other Income | | 62,792.18 | - |
| Total Income | | **4,032,531.72** | **4,037,058.14** |
| EXPENDITURE | | | |
| Staff Cost/Expenses | 4.15 | 1,761,304.00 | 1,634,772.00 |
| Program Expenses | 4.16 | 1,937,481.00 | 2,074,895.00 |
| General Administrative Expenditure | | 271,138.00 | 331,256.00 |
| Depreciation | | 30,006.72 | - |
| Other Expenditure | | 32,602.00 | - |
| Total Expenditure | | **4,032,531.72** | **4,040,923.00** |
| **Net Surplus/(Deficit) before Taxation** | | - | **(3,864.86)** |
| Income Tax Expenses | 4.17 | - | - |
| **SURPLUS /(DEFICIT) FOR THE YEAR** | | - | **(3,864.86)** |
| **APPROPRIATION OF SURPLUS FOR THE YEAR** | | | |
| Allocation to Reserves | | | |
| Allocation to Endowment Fund | | | |

*The Notes on accounts form an integral part of the financial statements.*

As per our report of even date

| Indu Shah | Gyanu Prasad Tiwari | Man Baru Chaudhary | Rup Narayan Chaudhary | CA. Surendra Bahadur KC |
|---|---|---|---|---|
| Account Officer | Program Manager | Treasurer | Chairperson | Managing Partner<br>For: K.J. & Associates<br>Chartered Accountants |

Date: 2077.06.20
Place: Dhangadhi, Kailali

CBO Development Center (CBODC)
Dhangadhi-5, Kailali

4 Notes to the Financial Statement

4.1 Property Plant and Equipment

(NPR)

| Item | Opening Balance | Additions during the Year | Disposals during the Year | Balance at 31.03.2077 | Depreciation: Balance as at 01.04.2076 | Depreciation: Charge for the Year | Disposals during the Year | Balance as at 31.03.2077 | Closing WDV |
|---|---|---|---|---|---|---|---|---|---|
| Land | - | 800,000.00 | - | 800,000.00 | - | - | - | - | 800,000.00 |
| Buildings | - | - | - | - | - | - | - | - | - |
| Vehicles: | | | | - | | | | | - |
| Cycle | 2,576.90 | - | - | 2,576.90 | 515.38 | 412.30 | - | 927.68 | 1,649.22 |
| Computer Equipment | 98,676.59 | | | 98,676.59 | 24,669.15 | 18,501.86 | - | 43,171.01 | 55,505.58 |
| Office Equipment: | | | | | | | | | - |
| Others | 31,231.92 | | | 31,231.92 | 6,541.31 | 6,172.65 | - | 12,713.96 | 18,517.96 |
| Furniture and Fittings | 9,172.83 | | | 9,172.83 | 2,293.21 | 1,719.91 | - | 4,013.12 | 5,159.72 |
| | 141,658.24 | 800,000.00 | - | 941,658.24 | 34,019.05 | 26,806.72 | - | 60,825.77 | 880,832.47 |
| Capital work in progress | - | - | - | - | - | - | - | - | - |
| Total | 141,658.24 | 800,000.00 | - | 941,658.24 | 34,019.05 | 26,806.72 | - | 60,825.77 | 880,832.47 |

4.2 Intangible Assets

| Item | Balance as at 01.04.2076 | Additions during the Year | Disposals during the Year | Balance at 31.03.2077 | Amortization: Balance as at 01.04.2076 | Amortization: Charge for the Year | Disposals during the Year | Balance as at 31.03.2077 | Closing WDV |
|---|---|---|---|---|---|---|---|---|---|
| Software | 16,000.00 | - | - | 16,000.00 | 3,200.00 | 3,200.00 | - | 6,400.00 | 9,600.00 |
| Other Intangible Assets | | | | | | | | | |
| Total | 16,000.00 | - | - | 16,000.00 | 3,200.00 | 3,200.00 | - | 6,400.00 | 9,600.00 |
| Grand Total | 157,658.24 | 800,000.00 | - | 957,658.24 | 37,219.05 | 30,006.72 | - | 67,225.77 | 890,432.47 |
| Previous Year | 150,058.24 | 7,600.00 | - | 157,658.24 | - | 37,219.05 | - | 37,219.05 | 120,439.19 |

PROGRAMME MANAGER
अध्यक्ष
कोषाध्यक्ष
J. & ASSOCIATES Chartered Accountants

CBO Development Center (CBODC)
Dhangadhi-5, Kailali

Closing Fund Balance

| Particulars | SULAV Project | Internal | TCP Global | Total |
|---|---|---|---|---|
| **Bank Balance** | 684,914.61 | 95,107.78 | - | 780,022.39 |
| Nabil Bank Limited | 684,914.61 | - | - | 684,914.61 |
| Bank of Kathmandu Limited | - | 5,039.00 | - | 5,039.00 |
| Nava Jeevan Co-operative Ac-191873 | - | 84,992.74 | - | 84,992.74 |
| Agriculture Development Bank Limited | - | 5,076.04 | - | 5,076.04 |
| **Cash Balance** | 10,000.00 | 3,192.00 | - | 13,192.00 |
| Cash in hand | 10,000.00 | 3,192.00 | - | 13,192.00 |
| **Advance & Receivables** | 60,450.00 | - | 341,850.00 | 402,300.00 |
| Shree Paribartan Sa Sanstha | - | - | 150,000.00 | 150,000.00 |
| Shree Adarsha Krishi Sahakari | - | - | 191,850.00 | 191,850.00 |
| Dev Bahadur Batha Magar | 10,450.00 | - | - | 10,450.00 |
| Dinesh Bahadur Bohora | 50,000.00 | - | - | 50,000.00 |
| **Fixed Assets** | - | 769,993.28 | - | 769,993.28 |
| Fixed Assets | - | 769,993.28 | - | 769,993.28 |
| **Payables** | (785,364.61) | (549,327.82) | (341,850.00) | (1,677,542.43) |
| Audit Fee | 34,535.40 | - | - | 34,535.40 |
| Borrowing from Others | - | 256,104.00 | - | 256,104.00 |
| CBODC Payable | 32,845.77 | - | - | 32,845.77 |
| Liability towards Donor-Development Fund Norway | 717,518.84 | - | - | 717,518.84 |
| Advance from Global Fund | - | - | 341,850.00 | 341,850.00 |
| Others | - | - | - | 1,000.00 |
| TDS on audit fee | 464.60 | - | - | 464.60 |
| Unspent Fund | - | 293,223.82 | - | 293,223.82 |
| **Total** | (30,000.00) | 318,965.24 | - | 287,965.24 |

PROGRAMME MANAGER
कोषाध्यक्ष
अध्यक्ष
J. & ASSOCIATES Chartered Accountants Lalitpur, Nepal

# सफलताका कथाहरू

## सिबिओको सहयोगबाट सहकारीका भवनहरू बने

सिबिओ विकास केन्द्रले विपन्न वर्गहरूको आयस्तर सुधार गर्न २०६३ सालमा ५ वटा सहकारी स्थापना गरेको छ । समाज सेवा समिति (चौमाला), एकता समाज (श्रीपुर), स्वयम् जागृति समाज (फूलबारी), पीडित मुक्ति समाज (गदरिया), र सशक्तिकरण मूल समिति (उर्मा) को आफ्नै भवन वनेको छ । यसरी नै २०६९ सालमा लुथरन विश्व फेडेरेसनको आर्थिक सहयोगमा सिबिओ विकास केन्द्रको सञ्चालनमा ३ वटा सहकारी (परिवर्तन कृषि सहकारी संस्था लि. मोहन्याल गा. पा. ५ कटौंजे, रामशिखर कृषि सहकारी लि. घोडाघोडी न.पा. ४ गणेशपुर, आदर्श कृषि सहकारी लि. घोडाघोडी न.पा.२ सिरानगर) का भवनहरू बनेका थिए ।

सहकारी संगठन गर्दा कार्यालय भवन थिएन, कागजात तथा अन्य सामान राख्न र प्रशासनिक कार्य गर्ने व्यवस्था थिएन, धेरै समस्या पर्थ्यो । केही सामान सहकारीको अध्यक्षको घरमा र केही सामान व्यवस्थापकको घरमा राख्नुपर्ने हुन्थ्यो । तर जब विपन्नवर्गको उद्धारकको छाप छोडेको संस्था सिबिओ विकास केन्द्रले ३ वटै सहकारीलाई भवन निर्माण गर्न सम्झौता गरी हरेकलाई ६ लाख रुपैयाँ अनुदान दिएपछि सहकारीका भवन बनेका हुन् । तिनमा समूहको सदस्यहरूको श्रमदान तीन लाख रुपियाँ र स्थानीय गा.वि.स.बाट १ कठ्ठा जग्गा अनुदान पनि प्राप्त भयो । 'त्यसरी मेहनत गरेर ३ कोठे भवन सफलताका साथ निर्माण गरेका थियौं, अहिले धेरै आनन्द भएको छ', आदर्श कृषि सहकारी लि. साडेपानीकी सचिव ललिताकुमारी चौधरी बताउनुहुन्छ ।

यसरी हाल ८ वटै सहकारीका आफ्नै भवन छन् । जसमध्ये एकता समाज श्रीपुरमा आबद्ध रहेको प्रगति एकता सहकारीको उन्नति निकै राम्रो  रहेको छ । हाल सेयर सदस्य संख्या १,२६५ जना र जम्मा बचत रकम करिब ४ करोड रुपैयाँ रहेको बताउनुहुन्छ, प्रगति एकता सहकारीकी सहायक व्यवस्थापक राधादेवी ओली । उहा थप्नुहुन्छ 'सहकारीको आम्दानीले वार्षिक रूपमा वृद्धवृद्धाहरूलाई सम्मान गर्ने, विपन्न बालबालिकाहरूलाई छात्रवृत्ति प्रदान गर्ने र सदस्यहरूको बीमा गर्ने गरेको छ । जसले सदस्यहरूमा सहकारीलाई अभिभावकको रूपमा विश्वास गरेका छन् ।'

सहकारीका सदस्यहरूले सिबिओ विकास केन्द्रलाई धेरै धेरै धन्यवाद दिँदै भन्छन् 'एक थुकी सुकी, सय थुकी नदी बन्छ' भनेजस्तै हामीहरू पनि एकताको बलमा बाँधिएका छौं । सबैको सहयोगले र लगनशीलताले जे पनि गर्न सकिन्छ भन्ने राम्रो प्रमाण हो यो । ●

## चन्की चमत्कार : समूहको सदस्यदेखि उपाध्यक्षसम्म !

वि.सं. २०६३ सालअघिको कुरा हो कैलाली जिल्लाका अधिकांश महिलाहरू अशिक्षा, अज्ञानताको अन्धकारमा रुमल्लिरहेको अवस्था थियो । चुलोचौको र घरको चारघेराभित्र सीमित महिला दिदीबहिनीहरूमा आत्मविश्वासको कमी थियो । आफूमा कुनै पनि कुराको सम्भावना नदेख्ने महिलाहरू पारिवारिक तथा सामाजिक निर्णयहरूमा सहभागी हुने प्रक्रियाबाट बञ्चित थिए । उनीहरू आर्थिक, सामाजिक तथा शैक्षिकरूपमा कमजोर थिए । देशको कुल जनसंख्याको ५१ प्रतिशतभन्दा बढी महिला भए पनि महिला साक्षरता निकै कम हुनु निश्चय पनि बिडम्बनाको कुरा हो । शिक्षा र साक्षरताको अभावमा अझ पनि धेरै महिला दिदीबहिनीहरू पछाडि पर्नु परेको अवस्था छ ।

वि.सं. २०६३ पुस १६ गते सिबिओहरूको छाता संगठनको रूपमा जब सिबिओ विकास केन्द्रको स्थापना भयो । यस संस्थामार्फत् संस्थाको कार्यक्षेत्रमा समेटिएका गा.वि.स. हरूमा महिलाको क्षमता अभिवृद्धि गर्ने किसिमका विभिन्न अभिमुखीकरण तथा सीपमूलक तालिमहरू सञ्चालन गरिए । यसले उहाँहरूमा आत्मविश्वास बढ्दै गयो । यसले गर्दा महिला दिदिबहिनीहरूले आफूलाइ विभिन्न पेशा तथा तथा व्यावसायिक माध्यमबाट आर्थिकरूपमा सशक्त बनाउँदै लग्नुभयो ।

यसको एउटा ज्वलन्त उदाहरण हुनुहुन्छ -चन्की चौधरी । पढाइमा कुनै पनि औपचारिक कक्षा नलिएकी चन्की सिबिओ विकास केन्द्रद्वारा सञ्चालन गरिएको ६ महिने प्रौढ शिक्षाबाट सामान्य लेखपढ गर्ने बन्नुभयो । त्यसपछि उहाँको आत्मविश्वास बढ्दै गयो । त्यतिबेला सामान्यरुपमा समूहकी सदस्य हुनुहुन्थ्यो चन्की । विस्तारै नेतृत्व क्षमता बढ्दै गयो । आफूलाई समुदायस्तरदेखि नै नेतृत्वमा अब्बल साबित गर्दै जान थाल्नुभयो । हाल सिबिओ विकास केन्द्रमा कार्यसमितिको उपाध्यक्ष पदमा रही सिबिओ विकास केन्द्रको नीति-निर्माण स्तरमा महत्वपूर्ण भूमिका निर्वाह गरिरहनुभएको छ । आफ्ना मिठा अनुभव सुनाउँदै उहाँ भन्नुहुन्छ - 'कुनै समय आफ्नो अधिकार के हो भन्ने थाहा नपाउने मजस्ती सामान्य महिला आज कैयौं दिदिबहिनीहरूको लागि न्यायको आवाज बन्ने प्रयास गरिरहेकी छु' । अहिले चन्कीको उदाहरण सिबिओ विकास केन्द्र र यससँग सम्बन्धित सम्पूर्ण संस्थाहरूमा चर्चाको विषय हुने गरेको छ । कसैकसैले चन्कीको मेहनत र नेतृत्वमा भएको प्रगतिलाई चमत्कार नै भन्ने गरेका छन् ।●

## मोहन्यालको डाँडामा प्लाष्टिक पोखरीमा पानी

साविक मोहन्याल गा.वि.स. वडा नं. ५ र हाल मोहन्याल गाउपालिका वडा नं. ५ धनाडीका गांगाराम हौजाली जनज्योति समूहका सदस्य हुन् । उनी भन्छन्, 'पहिले हामी बर्खे तरकारी लौका, सिमी, फर्सी, कुभिन्डो, काँक्रा अनि जंगली च्याउ र थाकलबाहेक हाम्रो लागि अरु तरकारी नै हुँदैन्थ्यो । हाम्रो गाउँमा पिउने पानीको धेरै नै अभाव छ । पिउने पानी पिउनको लागि पारि पटिको खोला सिरानमा रहेको सानो पानीको धारोमा पुग्नु पर्छ । कटौजेमा रहेको परिवर्तन कृषि सहकारी संस्थाको जनज्योति समूहको सदस्य भएदेखि लुथरन विश्व फेडेरेशनको आर्थिक सहयोगमा सिबिओ विकास केन्द्र धनगढीद्वारा सञ्चालित खाद्य सुरक्षाको पहलमा गरिबी न्यूनीकरण कार्यक्रमअन्तर्गत २ दिने करेसाबारीको तालिम पाएपछि उनले त्यो आधा रोपनी जग्गामा करेसाबारी बनाई तरकारी लगाउन सुरु गरे । पहिले पहिले उनको भान्साअगाडि रहेको जुठेल्नोमा जम्मा भएको सिंचाइबाट टमाटर धेरै राम्रो भयो त्यसपछि सिबिओ विकास केन्द्रबाट प्लाष्टिक पोखरीको परियोजना पर्‍यो । त्यसबाट उनमा उत्साह थपियो । राम्रो तरकारी खेती गर्नसक्छु भन्ने आँट पनि पलायो ।

अहिले पानीको व्यवस्था भएदेखि गंगारामलाई धेरै सजिलो भएको छ । उनी गर्वसाथ भन्छन्, 'आजकाल मैले बाह्रै महिना कुनै न कुनै तरकारी उत्पादन गरी राखेको छु ।'

उनले आफ्नो करेसाबारीमा बेमौसमी रायोको साग, काउली, बन्दा, काँक्रा, खुर्सानी आदि फलाउने गर्छन् । आजकाल उनले घरमा ताजा तरकारी माज्ञ खान्छन् । साथै तरकारी बेच्न कटौजे बजारमा पनि लैजान्छन् । यसरी बेच्दा उनले मासिक १,५०० देखि २,००० सम्म कमाउने गरेको छन् । उनी सुनाउँछन्, 'प्लाष्टिक पोखरीमा आउने पानीको मुहान टाढा छ, त्यही भएर टुक्राटाक्री मसिनो पाइप ल्याएको छु । पोखरीमा पानी भएन भने मुसाले प्लाष्टिक काट्ने डर हुन्छ । बाह्रैमास पानीको सुविधा हुने भए अझ हरियो सागसब्जी उत्पादन गर्ने थिएँ । त्यसको लागि कसैबाट पाइप सहयोग पाएको भए राम्रो हुने थियो ।'

भौगोलिक क्षेत्रले विकट भएता पनि निरन्तर प्राविधिक सहयोग र प्रेरणा दिन सके उत्पादनमा वृद्धि गर्न सकिने रहेछ भन्ने यहाँबाट सिक्न सकिन्छ । अन्य किसानहरूलाई पनि यस्तै प्राविधिक सहयोगले उत्पादन र आम्दानीमा वृद्धि गर्न सकिने रहेछ भन्ने राम्रो सिको भएको छ मोहन्यालमा । यो सिकाइलाई अब हामीले अन्यत्र पनि विस्तार गर्नुपर्ने देखिन्छ । ●

## सामुदायिक विकासमा आफ्नै ऐना : त्यहाँदेखि यहाँसम्म आइपुग्दा !

२०५८ सालतिर श्रीपुर गा.वि.स.का दिदीबहिनीहरू आफ्नो परिचय दिन पनि नसक्ने अवस्थामा थिए । तीमध्येमा म राधा ओली पनि पर्थें । अब त १८ वर्ष नै भएछ समुह गठन भएको । अहिले म सि.बि.ओ. विकास केन्द्रको अध्यक्ष छु । २०७३ सालमा म अध्यक्ष चुनिएकी हुँ ।

हाल गोदावरी नगरपालिका ७ खैरेनी (साविक श्रीपुर ५ खैरेनी) मा बस्ने कलावती साउँद भन्नुहुन्छ, '२०५७/५८ सालसम्म हाम्रो गाउँघरमा घरको अगाडि एक बोट लसुन पनि नलाउने हामी दिदीबहिनीहरू अहिले लटरम्म तरकारी खेती गरिरहेका छौं ।' 'उत्पादन भएको तरकारी आफूले खाएर बाँकी गाउँघरमा बेची आफ्ना बालबालिकाहरूलाई पढाउने, घर खर्च चलाउने काम पनि हामी आफै गर्छौं' अर्की महिला सदस्य लक्ष्मी चौधरी भन्छिन् ।

**५ रुपैयाँबाट ५० रुपैयाँ पुग्दाको आनन्द**

२०५८ सालमा लुथरन विश्व फेडरेसन (एलडब्लुएफ) ले साविकका श्रीपुर, चौमाला, गदरिया, फूलबारी र उर्मा गाविसहरूमा नेपाल विकास परियोजना लागू गरेर उपेछित घरधुरी छनोट गरी हामीलाई आबद्ध गराएको थियो । सदस्यहरूलाई तीन महिनासम्म शसक्तिकरण शिक्षा कक्षामार्फत् आफ्नो नाम लेख्न र अरुसँग आपसी भलाकुसारी गर्न सक्ने बनायो । तीन महिना बितिसकेपछि सोही कक्षालाई छलफलबाट समूहमा परिणत गरी प्रत्येक महिनाको कुनै २ दिन बैठक बस्ने छौं भनी निर्णय गरियो । प्रत्येक महिना मासिक बचत रु. ५ उठाउने र आफूमा भएका र आइपरेका समस्याहरू समूहमा राखी सबै मिलेर सामाधान गर्ने गरियो र प्रत्येक सदस्यले उठाएको रकम बढ्दै जाँदा समूहमा हिसाब राख्न साह्रै अप्ठेरो भएको थियो । संस्थाले हामीलाई विभिन्न किसिमका क्षमतामूलक तालिम दिएर हिसाब-किताब गर्न सिकायो । यसका साथै आयमूलक तालिमहरू (जस्तै, तरकारी खेती, बाखापालन, बंगुरपालन आदि) ले हाम्रो आयआर्जन वृद्धि हुँदै गयो । हामीले मासिक बचत रु. ५ बाट बढाएर रु. ५० गर्न थाल्यौं ।

**समूहहरूको गाविसस्तरीय साझा संस्था**

त्यसपछि हाम्रो बचतको सुरक्षाको साथै समूहको दिगोपनका लागि गाविसस्तरीय सञ्जालको आवश्यकता महसुस भएपछि प्रत्येक समूह र वडाको प्रतिनिधित्व हुनेगरी गा.वि.स.भरिको एक मूल समिति गठन गरियो । मूलसमिति भइसकेपछि हामीलाई समूह सञ्चालन गर्न सजिलो भयो । मूलसमितिलाई वैधानिकरूपमा काम गर्न र समूहलाई दिगो परिचालन गर्न हामीले सिबिओको सञ्जाल संगठनको रूपमा विधिवत रुपमा जिल्ला प्रशासन कार्यालय धनगढीमा दर्ता गरियो । 'सिबिओ विकास केन्द्र' भनेर नाम राखियो ।

सिबिओले सम्पूर्ण समूहहरूको प्रतिनिधित्व गर्दै गाविसस्तरमा पैरवी गर्ने, वार्षिक योजना बनाउने, समूहमा विभिन्न सवालमा छलफल चलाउने र विभिन्न अभियान चलाउने काम गरियो । ५ वटै गाविसका समूहमा परिवर्तन देखिन थालेपछि गाविसहरूबाट पनि सहयोग हुन थाल्यो । सिबिओ र समूहको कामले प्रशंसा र प्रोत्साहन पाउँदा सदस्यहरूमा अझ हौसला बढ्यो ।

**संस्थाहरूको पनि महासंस्था अर्थात् सिबिओ विकास केन्द्र**

माथि उल्लिखित गाविसस्तरीय ५ वटै सिबिओहरूको क्षमता विकास र संजालीकरणका लागि जिल्लास्तरीय सञ्जालको आवश्यकताको महसुस गरियो । ५ वटै सिबिओको प्रतिनिधित्व हुने गरी मानबहादुर चौधरीको अध्यक्षतामा २०६३ सालमा तदर्थ समिति गठन भएपछि संस्थाहरूको पनि महासंस्था अर्थात् 'छाता संगठन'को रुपमा सिबिओ विकास केन्द्र दर्ता गरियो ।

सिविओ विकास केन्द्रका सम्पूर्ण विनियम तथा नियमावली तयार गरी एलडब्लुएफ नेपालको प्राविधिक सहयोगमा परियोजना विकास गरी सिबिओमार्फत् एउटा परियोजना सञ्चालन गरियो । समूहमा रहेका सवालमा रही आफैंले योजना बनाई आफैं योजना कार्यान्वयन गर्ने अभ्यासले आजका दिनसम्म समूहहरू दिगोरुपमा निरन्तर स्वचालित छन् । सिबिओहरू र सिबिओ विकास केन्द्रले विभिन्न समयमा समूहहरूको अनुगमन गर्ने, सहयोग गर्ने, समन्वय गराउने काम निरन्तर चलिरहेको छ ।

**सहकारी पनि !**

अहिले गाविसस्तर (साविक) का हरेक सिबिओमा सहकारी गठन भएको छ । सहकारी र सिबिओले संयुक्त रूपमा समूह तथा सदस्यहरूमा योजना विकास गर्ने र कार्यान्वयन गर्ने गरेका छन् । समूहमा अहिले प्रतिसदस्य १०० देखि ५०० रुपैयाँसम्म मासिक बचत गर्ने गरेका छन् । समूहमा पनि २ लाखसम्म बचत जम्मा भएको छ । साना समस्याहरू समूहबाट नै सरल तरिकाले समाधान हुने गरेका छन् र ठूलो समस्याका लागि सहकारीले सदस्यलाई आयआर्जन गर्ने काममा एक लाखदेखि पाँच लाखसम्म कर्जा उपलब्ध गराउँदै आएको छ ।

यस्ता समूह र संस्थाहरूले गर्दा अहिले माहिलाहरूले आफ्नो समस्या आफैं समाधान गर्न पाएकोमा खुशी छन् र आफूलाई चाहिएको बेलामा कसैसँग हात थाप्नु नपरेको बताउँछन् ।

**नेतृत्व छनोटमा प्रजातान्त्रिक अभ्यास**

सिबिओ र सिबिओ विकास केन्द्रका लागि विभिन्न समूहबाट प्रतिनिधित्व गरी आउने सभासद्हरू छान्दा समूहमा प्रजातान्त्रिक प्रणाली अपनाइन्छ । समूहको वर्षिक समूह-सभावाट प्रति ५ जना सदस्य बराबर १ सभासद् छनौट गरी गाविसस्तरीय सिबिओको साधारणसभाका लागि पठाइन्छ । तिनै सभासद्हरू सिबिओको कार्यसमितिका लागि निर्वाचन तथा सहमतीय पद्धतिबाट छनौट भई आउँछन् । साथै, सिबिओको साधारणसभाले प्रति ५ समूह बराबर १ सभासद छनौट गरी सिबिओ विकास केन्द्रको साधारणसभाका लागि पठाउँछ । ५ वटै सिबिओका ३४ जना सभासद्हरूबाट सहमतीय तथा निर्वाचन प्रक्रियावाट ५ वटै सिबिओको प्रतिनिधित्व हुने गरी सिबिओ विकास केन्द्रको कार्यसमिति गठन हुन्छ ।

यो कार्यसमितिको अवधि २ वर्षको हुन्छ । एक जना सदस्यले २ पटकभन्दा वढी अध्यक्षतामा उम्मेदवारी दिन पाउँदैन । एक व्यक्ति अध्यक्ष पदको दुई कार्यकालपछि अर्को मुख्य ४ पदमा कार्य अनुभव भएको सदस्य अध्यक्षका लागि योग्य हुने गर्छ । पहिलोपटक कार्यसमितिमा आउने सभासद्ले सदस्यबाट प्रवेश गर्नुपर्ने हुन्छ । यसरी सदस्यको नेतृत्व विकास र हस्तान्तरण गर्ने अभ्यास विगत १२ वर्षदेखि सिबिओ र सिबिओ विकास केन्द्रमा हुँदै आएको छ ।

**योजना निर्माण र कार्यान्वयनमा सहभागीमूलक प्रक्रिया**

समूहमा सदस्यहरू भेला भई वार्षिक समूह-सभा गरिन्छ, जसमा वर्षभरिका उपलब्धिहरूको समीक्षा गर्नुका साथै आयव्यय विवरण सुनाइन्छ । आगामी वर्षका लागि सवाल छनौट गरी वार्षिक योजना बनाइन्छ, जसमा समूहले आफैं गर्ने योजना र सिबिओबाट सहयोग माग्ने योजना भनी छुट्याई सिबिओमा पठाइन्छ । सिबिओले सम्पूर्ण योजनाहरू संकलन गरी सिबिओको स्रोतबाट सम्पन्न गर्ने योजना र सिबिओ विकास केन्द्रबाट माग गर्ने योजनाहरू छुट्याई सिबिओ विकास केन्द्रमा पठाइन्छ (रेखाचित्र पनि हेर्नोस्) । प्राप्त योजनाहरूलाई सिबिओ विकास केन्द्रले आफ्नो स्रोतले गर्न सक्ने र दातृनिकायबाट माग गर्नुपर्ने छुट्याई परियोजना विकास गर्ने गर्दछ । परियोजना प्रस्तावना बनाई सम्बन्धित दातृनिकाय वा साझेदार संस्थामा पेश गरी योजना भित्र्याउने काम गर्दछ । दातृनिकायबाट प्राप्त स्रोतलाई सिबिओको माग बमोजिम सम्झौता गरिदिने गरिन्छ र सिबिओले समूहको मागबमोजिम समूहमा योजनाहरू कार्यान्वयन गर्ने गर्दछ । यसरी समूहदेखि सिबिओ केन्द्रसम्मका विकास कमर्यक्रम र क्रियाकलापहरू चलिरहेका छन् । •